२०८३ साल असार ९ गते उपाध्यक्ष श्री कान्ता अधिकारीले

२० औँ गाउँसभा बैठकमा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

## रिब्दीकोट गाउँपालिका

## खस्यौली, पाल्पा

## लुम्बिनी प्रदेश, नेपाल

## २०८३

श्रद्धेय सभाअध्यक्ष ज्यू,

नेपालको संविधानको धारा २३० बमोजिम रिब्दीकोट गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरीमामय सभामा आर्थिक वर्ष ०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु। संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका विभिन्न जनआन्दोलन, जनयुद्ध र सुशासन स्थापनार्थ भएको जेनजी आन्दोलनमा शाहदत प्राप्त गर्ने वीर शहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु ।

आगामी आ.व.को बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१, नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता, गाउँपालिकाद्धारा निर्मित कानुनहरु, गाउँकार्यपालिकाका निणर्यहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु। विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्त्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु । स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

**सभाअध्यक्ष ज्यु,**

अब म आगामी आार्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । **"समृद्ध रिब्दीकोट निर्माणको आधार कृषि, पर्यटन र यातायात पूर्वाधार"(कृपया)** भन्ने मूल नाराका साथ आ.व. २०८२।०८३ को प्रस्तावित बजेटका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

क) कृषि, पर्यटन र पूर्वाधारको विकास गरी आर्थिक क्षेत्रको विकास तथा रोजगारी एवं स्वरोजगारीको वृद्धि द्वारा समुन्नत रिब्दीकोट बनाउने,

ख) शिक्षा र स्वास्थ्यमा नवीनतम सुधार गरी गुणस्तरीय स्वास्थ्य र शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई सुनिश्चित गर्ने,

ग) जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने,

घ) स्थानीय साधन, स्रोत, अवसर र क्षमताको विकासलाई उच्चतम उपयोग गरी रिब्दीकोटको आन्तरिक क्षमता बृद्धि गर्ने,

ङ) संघ तथा प्रदेश सरकारको लक्ष्य र सोंच एवं सरकारका नीति तथा कार्यक्रम एवं दिगो विकास लक्ष्यहरूलाई स्थानीय स्तरदेखि नै सहयोग पुर्याउने,

च) लैंगिक, अपाङ्गता, लक्षित समूह तथा जात-जातिका आधारमा गरिने विभेदको अन्त्य गरी सामाजिक समावेशीकरण र समतामुलक समाजको निर्माण गर्ने ।

**आगामी आर्थिक वर्षको बजेटमा देहायका प्राथमिकताका क्षेत्रहरू तय गरी सोही अनुसार बजेट विनियोजन गरेको छु ।**

क) सहज बाटोको पहुँचबाट टाढा रहेका वडा कार्यालय सम्म पहुँच मार्ग स्तरोन्नति गरी स्थानीय सरकारबाट पाउने सेवा सुविधामा सरल र सहज पहुँच पुर्याउने,

ख) जनताको स्वास्थ्य सुविधालाई उच्च ध्यानमा राखी स्वास्थ्य सेवामा गुणस्तर र सरल पहुँच पुर्याउने,

ग)	शिक्षा, कृषि, स्वास्थ्य, पयर्टन तथा पूर्वाधार क्षेत्रको विकास मार्फत आर्थिक विकास गर्ने,

घ)	नवप्रवर्तनकारी कार्यहरू गरी स्थानीय उत्पादनहरूको बजारीकरण र ब्राण्डिङ्ग गर्ने साथै रोजगार, स्वरोजगार एवं उद्यम गर्ने वातावरण सिर्जना गर्ने,

ङ)	प्राचीन कला संस्कृतिको संरक्षण र पर्यटकीय क्षेत्रको प्रचारप्रसार तथा विकास निर्माणद्वारा पर्यटन प्रवर्द्धन गर्ने,

च)	वन, वातावरण तथा विपद् व्यवस्थापन गर्ने,

छ)	सेवा प्रवाहलाई गुणस्तरीय र पारदर्शी बनाई सुशासन प्रवर्द्धन गर्ने ।

**सभाध्यक्ष ज्यू,**

अब म चालु आर्थिक वर्ष २०८२।०८३ को आय व्ययको यथार्थ स्थिति तथा हालसम्मको प्रगति प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्ष २०८२।०८३ मा हाल सम्म यस गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारको समानीकरण अनुदान, विशेष अनुदान, शसर्त अनुदान, समपुरक अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, गाउँपालिकाको आन्तरिक आय समेतबाट प्राप्त हुने जम्मा रु ५४ करोड ५८ लाख ९३ हजार २३२ अनुमान गरिएकोमा हाल सम्म संघीय सरकार, प्रदेश सरकार तथा यस पालिकाको आन्तरिक आय समेत बाट गरी जम्मा ४८ करोड ११ लाख २ हजार ७ सय ५३ रुपैँया आम्दानी प्राप्त भएको छ । जसमध्ये यस पालिकाको आन्तरिक आय तर्फ रु ९२ लाख राजश्व उठ्ने अनुमान गरिएकोमा हाल सम्म जम्मा रु ९३ लाख ५७ हजार ३ सय ११ रुपैँया राजश्व संकलन भएको छ भने हाल सम्म कुल बजेटको ७२.८४ प्रतिशत खर्च भएको छ ।
- चालु आ. व. को लागि चालु खर्च तर्फ रु ३८ करोड ५५ लाख ५१ हजार २ सय ३२ रुपैँया बजेट विनियोजन गरिएकोमा हालसम्म रु ३१ करोड ८ लाख ३६ हजार ७ सय २७ रुपैँया अर्थात ८०.६२ प्रतिशत खर्च भएको छ । पूजिगत तर्फ रु १६ करोड ३ लाख ४२ हजार रुपैँया विनियोजन गरिएकोमा हालसम्म ८ करोड ६८ लाख २ हजार २ सय २४ रुपैँया अर्थात ५४.१४ प्रतिशत खर्च भएको छ ।
- वडा कार्यालय तर्फ विनियोजन गरिएको बजेट मध्ये हालसम्म वडा नं १ को ५२.३१ प्रतिशत, वडा नं २ को ५३.६८ प्रतिशत, वडा नं ३ को ६३.७९ प्रतिशत, वडा नं ४ को ९०.८० प्रतिशत, वडा नं ५ को ५४.७६ प्रतिशत, वडा नं ६ को ७६.३० प्रतिशत, वडा नं ७ को ६३.५९ प्रतिशत, र वडा नं ८ को ६५.६१ प्रतिशत रकम खर्च भएको छ । वडा र पालिकाको गत ४ आर्थिक बर्षको खर्चको विस्तृत तुलनात्मक चार्ट अनुसूचीमा समावेश गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

**अब म आ.व. २०८३/०८४ को प्रस्तावित आय-व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

आ.व.२०८३/०८४ को लागी संघीय सरकार वित्तीय समानीकरण अनुदान मार्फत रु ९ करोड १० लाख रुपैयाँ, संघीय सरकार राजस्व वाँडफाँड मार्फत रु ८ करोड ३० लाख ३ हजार रुपैयाँ, संघीय समपुरक अनुदान रु ८५ लाख रुपैयाँ, संघीय सरकार विषेश अनुदान रु १ करोड रुपैयाँ, र संघीय सरकार सशर्त अनुदान रु २८ करोड १ लाख रुपैयाँ, (शिक्षा, स्वास्थ्य, आयुर्वेद, कृषि, पशु, राष्ट्रिय रोजगार, झोलुंगेपुल र राष्ट्रिय परिचयपत्र तथा पंजीकरण कार्यक्रमसँग सम्बन्धित तोकिएका कार्य सम्पादन गर्नका लागि), प्रदेश सरकार वित्तीय समानीकरण अनुदानमा रु ६० लाख ५ हजार रुपैयाँ, बाँडफाँडबाट प्राप्त हुने सवारी करमा रु ९२ लाख ७१ हजार रुपैयाँ, समपुरक अनुदान रु ७५ लाख रुपैयाँ, विशेष अनुदानमा रु २१ लाख रुपैयाँ, प्रदेश सरकार सशर्त अनुदानमा रु ९१ लाख रुपैयाँ र गाउँपालिकाको आफ्नो आन्तरिक आम्दानीको श्रोतबाट रु १ करोड

२ लाख रुपैयाँ, चालु आ.व.को बचत हुने रकम रु २ करोड ७५ लाख समेत गरी संघ, प्रदेश, आन्तरिक आय, रोयल्टी समेतबाट  कुल जम्मा ५४ करोड १४ लाख २९ हजार रुपैयाँ मात्र प्राप्त हुने अनुमान गरेको छु । जुन बजेट विगतका चार आ.व.को भन्दा कम हुन आएको छ, जसको विस्तृत तुलनात्मक चार्ट अनुसूचीमा समावेश गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ मा क्षेत्रगत रूपमा विनियोजन गरिएको व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास तर्फ:**

१ कृषि तथा पशु सेवा कार्यक्रमहरुलाई क्षेत्र चुस्त दुरुस्त बनाई साझेदारी कार्यक्रम रिब्दीकोट कृषि परियोजना(RAP) लाई आगामी वर्षमा समेत निरन्तरता दिने र गाउँपालिकालाई फलफुल जडिबुटिको केन्द्र बनाउने उदेश्यले संचालित "**एक बोट सयको नोट"** कार्यक्रमको निरन्तरताको लागी रु ६४ लाख बजेट विनियोजन गरेको छु ।

२ अकबरे खुर्सानी, सुन्तला, टमाटर, तरकारी जस्ता खेती गर्ने कृषकलाई प्रर्वद्धन गर्नका लागी बजेट विनियोजन गरेको छु ।

३ आत्मनिर्भर एवम समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि गाउँपालिकाको एकीकृत कृषि तथा पशु विकास रणनीति बनाई **"एक टोल, एक उत्पादन कार्यक्रमलाई"** निरन्तरता दिन आवश्यक  बजेट विनियोजन गरेको छु ।

४ कृषि क्षेत्रमा जैविक मलको प्रवर्द्धन गरी प्राङ्गारिक मल खेति प्रवर्द्धन कार्यक्रमको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

५ कृषि क्षेत्रको समग्र विकासको लागि साना किसान प्रोत्साहन कार्यक्रम, नगदे बालि प्रवर्धन कार्यक्रम, कृषक पाठशाला कार्यक्रम, नर्सरी टनेल स्थापना लगायतका कार्यक्रमहरु संचालन गर्न  बजेट विनियोजन गरेको छु ।

६ पुष्प खेती मार्फत किशानहरुको आयआर्जन बृद्धि गर्न तिहार लक्षित सयपत्री फूल उत्पादन कार्यक्रमको लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।

७ उत्पादनमा आधारित अनुदान अन्तर्गत दुध उत्पादन गर्ने किसानहरुलाई प्रोत्साहित गर्न उत्पादनमा आधारित अनुदानको निरन्तरताको लागि रु ८ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

८ कृषि तथा पशुजन्य वस्तुको उत्पादकत्व वृद्धि तथा फलफुल र जडिबुटि बगैँचा प्रवर्द्धनको लगायतका कृषि तथा पशु प्रवर्द्धन अन्तर्गत  रिब्दीकोट कृषि तथा पशुपालन कार्यक्रम (RAAP) को लागी रु १ करोड बजेट विनियोजन गरेको छु ।

९ पशु विकास तर्फ महामारी रोग बिरुद्धको कार्यक्रम, रेबिज भ्याक्सिन कार्यक्रम, कुकुर बन्धयाकरण कार्यक्रम, गाईभैंसी पकेट विकास कार्यक्रम, बंगुर प्रवर्द्धन कार्यक्रम, बाख्रा फर्म सुदृढीकरण कार्यक्रम, लगायतका कार्यक्रमका निम्ति  बजेट विनियोजन गरेको छु ।

१० **"खनौं आफ्नो माटो, छाडौं विदेशको बाटो"** नारालाई कार्यान्वयनमा ल्याउन पालिका सँग किशान कार्यक्रमको लागी बजेट विनियोजन गरेको छु ।

११ गाउँपालिकाको विभिन्न स्थानहरुमा पर्यटकीय स्थल निर्माण गरी पर्यटकीय क्षेत्रहरु प्रर्वद्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१२ जलेश्वर क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न र धार्मीक पर्यटनको केन्द्रको रुपमा स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१३ सहकारी संस्थाहरूको क्षमता विकास, सहकारीहरूको नियमित नियमन तथा अनुगमन गरी एम सि आई तथा पर्लस कार्यक्रम संचालन गर्ने र सहकारीलाई कोपोमिस प्रणालीमा आबद्धता गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक विकासका यी कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिका भित्रको खेतीयोग्य जमिनको उपयोग भई उत्पादनमा उल्लेखनीय वृद्धि हुनुको साथै उद्यम, रोजगारी र स्वरोजगारी बृद्धि हुने अपेक्षा लिएको छु ।

## सामाजिक विकासतर्फ

१४ शिक्षामा शिक्षकहरु तथा विद्यालयको क्षमाता वृद्धि गरि उत्कृष्ट नतिजा ल्याउन प्रेरित गर्ने उदेश्यले उत्कृष्ठ विद्यालय, शिक्षक सम्मान कार्यक्रमको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

१५ कक्षा १-८ सम्मको विद्यार्थीलाई स्थानीय पाठ्यपुस्तकहरु उपलब्ध गराउन रु ८ लाख बजेट विनियोजन गरेको छु ।

१६ यूवाहरुको खेलकूद प्रतिको आकर्षणलाई सम्बोधन गर्न र पालिकास्तरीय खेलाडी उत्पादन गर्न गाउँपालिकामा पालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन र राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता संचालनको लागि रु १४ लाख बजेट विनियोजन गरेको छु ।

१७ रिब्दीकोट गाउँपालिका अन्तरगतका एक-एक जना त्रिभुवन बहुमुखी क्याम्पस तानसेनमा B.Sc.CSIT विषय र मदनपोखरा बहुप्राविधिक शिक्षालय दमकडामा सूचना प्रविधि, कृषि पशु विज्ञान र कृषि बाली विज्ञान डिप्लोमा तहको विषयमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१८ शिक्षकहरुको क्षमता विकास, बिद्यालयको गुणस्तर सुधार, अभिभावक शिक्षा र प्र.अ.हरुको क्षमता विकासको लागी रु २५ लाख बजेट बिनियोजन गरेको छु ।

१९ कक्षा ४-१२ मा नि:शुल्क रुपमा परिक्षा ब्यवस्थापन गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।

२० जनताको स्वस्थ जिवनशैलीलाई ध्यानमा राख्दै खुला व्यामशाला निर्माण गर्न रु १० लाख बजेट बिनियोजन गरेको छु ।

२१ "**आधारभूत स्वास्थ्य उपचार जनताको अधिकार**" भन्ने नाराका साथ खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रबाट जेष्ठ नागरिकहरु र फरक क्षमता भएका व्यक्तिहरुलाई स्वास्थ्य परिक्षण, प्रयोगशाला परिक्षण,एक्सरे लगायतका सेवाहरु निःशुल्क प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२२ खस्यौली स्वास्थ्य केन्द्रमा ल्याब स्तरोन्नती गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।

२३ गाँउपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गर्न "**सुत्केरी आमा पोषिलो खाना**" र बहुपोषण तथा पोषण कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु।

२४ गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा निरन्तर औषधि आपूर्ती हुने गरि बजेट बिनियोजन गरेको छु।

२५ पाठेघरको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्याको उपचारका लागि गाउँपालिकाका समस्याग्रस्त महिलाहरुको तथ्याङ्क संकलन गरी उपचारको व्यवस्था गर्न बजेट विनियोजन गरेको छु

२६ गाँउपालिका भित्रका एच.आई.भि. पोजेटिभ व्यक्तिहरुलाई औषधि उपचार गर्न र सामुदायिक सचेतना कार्यक्रमको निम्ती आवश्यक बजेट विनियोजन गरेको छु।

२७ एम्बुलेन्सको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन र हाल रहेका एम्बुलेन्सहरुको स्तरोन्नती गर्न बजेट विनियोजन गरेको छु।

२८ दिर्घरोगी तथा असहायहरुलाई अक्सिजन ग्याँस निःशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु।

२९ गाउँपालिका सँग स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत दलित वर्ग, अति विपन्न वर्ग, ग वर्गका अपाङ्ग, महिला स्वास्थ्य स्वयमंसेवीका र बेपत्ता परिवारका सदस्यलाई स्वास्थ्य विमा कार्यक्रममा जोड्न रु ४० लाख बजेट विनियोजन गरेको छु।

३० बिद्यार्थीहरुको स्वास्थ्य परिक्षण तथा सचेतना बृद्धि गर्न माध्यमिक विद्यालय स्वास्थ्य कार्यक्रम संचालनको लागी बजेट बिनियोजन गरेको छु।

३१ स्वास्थ्य जिवनशैली, सकारात्मक सोच, खुसी बिज्ञान र मनोसामाजिक परामर्श मार्फत आरोग्य नागरिक निर्माण गर्न र आरोग्य वर्ष २०२७ लाई भब्य रुपमा सम्पन्न गर्न रु ६ लाख ५० हजार बजेट बिनियोजन गरेको छु।

३२ खानेपानी मुल, मुहान संरक्षण गरि शुद्ध खानेपानी आपुर्ती सुनिश्चित गर्न रु ३५ लाख बजेट बिनियोजन गरेको छु।

३३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एंव लक्षित बर्ग कार्यक्रम अन्तर्गत रु १ करोड बजेट बिनियोजन गरेको छु।

३४ बिभिन्न संघ संस्था साझेदारी म्याचिङको लागी रु २५ लाख बजेट बिनियोजन गरेको छु।

३५ **"म बनाउँछु मेरो रिब्दीकोट"** भन्ने मूल नाराको सार्थक तुल्याउन बजेट विनियोजन गरेको छु।

## पूर्वाधार विकास :

३६ पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक क्षेत्रहरुको पहिचान गरी पूर्वाधार निर्माणका कार्यहरु अगाडि बढाईने छ। जलेश्वर पर्यटकीय पूर्वाधार निर्माण अन्तर्गत आगामी ३ वर्षको योजना सहित विभिन्न पूर्वाधार निर्माण गर्न जलेश्वर पर्यटन पूर्वाधारको लागि यस आ.व.मा रु १

करोड ७० लाख बजेट विनियोजन गरेको छु साथै बहुवर्षिय योजना संचालनको लागी स्रोत सुनिश्चितता गरेको छु ।

३७ गाउँपालिका, हार्थोक, हटिया, भारकोट, मझुवा, पोरक्ने, ६ नं वडा कार्यालय, ढुस्टुङ, नेटा देउराली, लुम्वास, फेक, बतासे, मैनादी, अर्वादी खोला, दमक, भुलखोला, ख्याहा, देउराली, गाउँपालिकासम्मको बाटोलाई समेटेर रिब्दीकोट चक्रपथ निर्माण कार्यको थालनी गर्न रु २० लाख बजेट बिनियोजन गरेको छु । यस आयोजनालाई बहुवर्षीय योजनाको रुपमा संचालन गर्ने गरि आवश्यक व्यवस्था मिलाउने छु।

३८ खस्यौली प्रा. स्वास्थ्य केन्द्र देखि क्वान्टिपोखरा बाटो स्तरोन्नतीको लागी बजेट बिनियोजन गरेको छु ।

३९ जिर्ण अवस्थामा रहेको ४ नं वडा कार्यालय भवन निर्माण कार्यको थालनी गर्नको लागी रु १५ लाख बजेट विनियोजन गरेको छु । यस योजनालाई बहुवर्षीय योजनाको रुपमा संचालन गर्ने गरि आवश्यक व्यवस्था मिलाउने छु।

४० ख्याहा अर्गली सडक निर्माण गर्नको लागी बजेट बिनियोजन गरेको छु ।

४१ विभिन्न अधुरा खानेपानी योजनाहरु र विभिन्न अधुरा पूर्वाधार योजनाहरुलाई सम्पन्न गर्न रु २५ लाख बजेट बिनियोजन गरेको छु ।

४२ भारकोट मजुवा पोरक्नी बाटो स्तरोन्नती कार्यलाई निरन्तरता दिन रु १ करोड ५० लाख बजेट बिनियोजन गरेको छु ।

**<u>वन, वातावरण, विपद् व्यवस्थापन तथा प्रकोप नियन्त्रण :</u>**

४३ खानेपानी मुहान सुक्ने र सुख्खापनालाई मध्यनजर गर्दै विभिन्न स्थानमा रिजार्ज पोखरी निर्माण गर्न रु २० लाख बजेट बिनियोजन गरेको छु ।

४४ बिभिन्न बन वातावरण तथा विपद व्यवस्थापन योजनाहरुको लागी रु ४७ लाख बजेट बिनियोजन गरेको छु ।

**<u>सुशासन तथा संस्थागत विकास:</u>**

४५ सेवा प्रवाहलाई अन्तराष्ट्रिय गुणस्तरीय र प्रविधिमैत्री एवं प्रभावकारीता अभिबृद्धि गर्ने उद्देश्यले सेवा प्रवाहलाई अन्तराष्ट्रिय मापदण्ड (आइ.एस.ओ मापदण्डको) बनाई गाउँपालिकालाई आइ.एस.ओ सर्टिफाई गर्न रु ७ लाख बजेट विनियोजन गरेको छु ।

४६ जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी खोजमुलक तथा अनुसन्धानमुलक कार्यमा प्रेरित गर्न अनुसन्धान र विकासका आवश्यक बजेट विनियोजन गरेको छु ।

४७ पारदर्शिता/जवाफदेहिता प्रवर्द्धन गर्न र सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा एकीकृत घुम्ति शिविरको लागि बजेट विनियोजन गरेको छु ।

४८ न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता विकास एंव न्यायिक समितिको ब्यवस्थापन गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

४९ जनप्रतिनिधि, पालिका र वडामा कार्यरत कर्मचारीहरुलाई ICT तथा विद्युतीय सिफारिस सम्बन्धी तालिम संचालन, बायोमेट्रिक प्रणाली संचालन गर्न, एग्री.एम.आई.एस प्रणालीमा क्षमता विकास गर्ने लगायतका सूचना प्रविधि क्षेत्रमा रु ३० लाख  बजेट बिनियोजन गरेको छु ।

५० वडा कार्यालय तथा पालिकाका संवेदनशिल चोकहरुमा जडित CCTV को गाउँपालिकाबाट निगरानी प्रणालीलाई थप प्रभावकारी बनाउन बजेटको व्यवस्था गरेको छु ।

५१ रिब्दीकोटको समग्र विकासका निम्ती सरोकारवालाहरु बिच अन्तर्कृया, अन्तरपालिका समन्वय र सहकार्य, जनप्रतिनिधि र कर्मचारीहरु बीच अनुभव आदानप्रदान कार्यक्रमको लागि बजेट बिनियोजन गरेको छु ।

**श्रम, रोजगार तथा गरीबी निवारण :**

५२ श्रममुलक योजना कार्यान्वयन मार्फत **श्रम र श्रमिकको मर्यादा हुने रोजगारी** सृजना गर्न र आर्थिक वर्ष २०८३।०८४ मा राष्ट्रिय रोजगारी कार्यक्रमलाई गाउँपालिकाबाट शत प्रतिशत साझेदारी गरी संचालन गर्न रु २० लाख ९४ हजार बजेट विनियोजन गरको छु ।

**सभाअध्यक्ष ज्यू,**

माथि प्रस्तुत गरिएका शीर्षकगत कार्यक्रमहरु संचालन गर्न रु ५४ करोड १४ लाख २९ हजार कुल बजेट विनियोजन गरिएको छ जसमध्ये पूँजिगत खर्च तर्फ करिव रु १५ करोड ५१ लाख खर्च हुने अनुमान लिएको छु भने चालु खर्च तर्फ करिव रु ३९ करोड ०७ लाख खर्च हुने अनुमान लिएको छु ।

चालु आर्थिक वर्षको हालसम्मको आय व्ययको यथार्थ विवरण, आगामी आर्थिक वर्षको बजेटको क्षेत्रगत र शीर्षकगत अनुमानित विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु । यसका साथै आर्थिक ऐन र विनियोजन ऐन सम्बन्धी विधेयकहरु यसैसाथ अनुमोदनका लागि पेश गरेको छु । बजेट माथी गहन छलफल गरी पारित गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३।०८४ को राजश्व तर्फका कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

गाउँपालिकाको अति न्यून रहेको राजश्वलाई राजश्वका थप क्षेत्रहरु पहिचान गरी, राजश्व चुहावटलाई कडाइपूर्वक नियन्त्रण एंव दण्ड जरिवाना गर्ने  सोचका साथ राजश्व प्रणालीमा सुधार गर्ने गरी राजश्वका कार्यक्रमहरु तय गरिएको छ । रिब्दीकोट गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को आय सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न  छुटदिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम र धारा २३० बमोजिम रिब्दीकोट गाउँपालिकाको गाउँसभाबाट स्वीकृत गरी कर शुल्क दस्तुर र जरिवाना संकलन गरिने छ ।

गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्न राजश्वका बृहत दायरा तथा क्षेत्रहरुको पहिचान गरी राजश्वका दरको समेत पुनरावलोकन गरिएको छ भने राजश्व चुहावट गर्ने र छली गर्नेलाई दण्ड-जरिवानाहरु समेत थप गरिएको छ । साविक देखी नै राजश्वको दायरामा नआएका उद्योगी ब्यापारी ब्यावसायी तथा राजश्व प्राप्त गर्न सकिने संभावित क्षेत्रहरुलाई एकीकृत गरी करको दायरा ल्याईएको छ । राजश्व प्रणालीमा सुधारको लागि सामुहिक रुपमा अनुगमन निरीक्षण, कर सचेतना तथा कर सप्ताह कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

जनताले घरमै बसेर कर तिर्ने तथा घरमा नै डिजिटल सेवा प्राप्त गर्ने माध्यमको ई-सिफारिस, अनलाईन व्यवसाय दर्ता/ नवीकरण र डिजिटल भुक्तानी लगायतका प्रणालीहरुको विकास गरि सकिएको छ जसको प्रयोगलाई वृद्धि गरिँदै लगिने छ ।

राजश्व प्रणालीको सुधार एवं विविधिकरणका माध्यमबाट आर्थिक वर्ष २०८३/०८४ मा यसै साथ उल्लेखित अनुसूची बमोजिम सम्पत्ति कर, भुमि कर, घर बहाल कर, ब्यावसाय दर्ता/नविकरण शुल्क, जडिबुटी, कवाडी र जिवजन्तु कर, विज्ञापन कर, बहाल बिटौरि कर, पार्किङ शुल्क, सेवा दस्तुर शुल्क, मनोरञ्जन कर, प्रर्यटन शुल्क लगायतका शीर्षकहरुमा कर तथा राजश्व प्राप्त गरिने छ ।

**सभाध्यक्ष महोदय**

**अन्त्यमा,**

प्रस्तुत गरिएको बजेटको कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक सुधार हुनेछ । पुँजीगत खर्च बृद्धि भई सार्वजनिक वित्त प्रणाली थप चुस्त हुने र सार्वजनिक खर्चको प्रभावकारीता बढ्ने अपेक्षा गरेको छु । निर्दिष्ट कार्यक्रम र निर्धारित कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरि सामूहिक रूपमा कार्यान्वयन पद्धतिको परिपालनाबाट बजेट तथा कार्यक्रममार्फत गाउँपालिकाले लिएका क्षेत्रगत नीतिहरूमा उल्लेख्य सुधार तथा गुणात्मक विकास भइ समग्र पालिकाले विकासमा दृढ प्रतिबद्धता एंव संकल्पका साथ बजेट पेश गरिएको छ । यो बजेटको कार्यान्वयनबाट आर्थिक गतिविधिमा तीव्रता आउने र उत्पादन बुद्धि, रोजगार श्रृजना भइ दिगो, फराकिलो एवं समावेशी आर्थिक विकास हुने कुराको विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा महत्वपूर्ण सल्लाह सुझाव, मार्गदर्शन र सहयोग प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्षज्यू, गाउँसभाका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिज्यू, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संघसंस्थाका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू र आम गाउँपालिकाबासीहरुमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेटको सफल कार्यान्वयन मार्फत समृद्ध रिब्दीकोट निर्माणको आधार कृषि, पर्यटन र यातायात पूर्वाधार भन्ने नारालाई पुरा गर्ने हाम्रो अठोट र म बनाउँछु मेरो रिब्दीकोटको सुन्दर यात्रामा यहाँहरुको साथ र सहयोग प्राप्त हुने विश्वासका साथ सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

# अनुसूची १

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आ.व.२०८३ /८४

**रिब्दीकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय पाल्पा**
**कार्यालयको कोड : ८०५५०५०७३००**

**आव ०८३।०८४ को अनुमानित आयको विवरण**

| **आ.व. : २०८३/८४** | | |
|---|---|---|
| शीर्षक | आ.व. २०८२/८३ को हाल सम्मको यथार्थ आय | आ.व. २०८३/८४ को अनुमान |
| **संघीय सरकार** | | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५९९६३४२४ | ५८१०२००० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १९९८७८०८ | २४९०१००० |
| १३३११ समानिकरण अनुदान | ८८८००००० | ९०१००००० |
| १३३१२ शसर्त अनुदान चालु | २६३८००००० | २७६०००००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १०००००० | ४१००००० |
| १३३१४ विषेश अनुदान चालु | १६५००००० | १००००००० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ० | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २५८००००० | ८५००००० |
| **प्रदेश सरकार** | | |
| १३३११ समानिकरण अनुदान | ५९४२००० | ६००५००० |
| १३३१२ शसर्त अनुदान चालु | १५००००० | १५०००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २०००००० | ७०००००० |
| १३३१४ विषेश अनुदान चालु | ० | २१००००० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १८००००० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७५००००० | ७५००००० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने राजश्व तथा सवारी साधन कर | ६०००००० | ९२७१००० |
| आन्तरिक स्रोत | | |
| आन्तरिक श्रोत | ९३००००० | १०२००००० |
| बैंक मौज्दात | २४८८२०२० | २७५००००० |
| जम्मा आय | ५३८३९३२३२ | ५४१४२९००० |

## अनुसूची-२

## गत ३ आ.व.को सहित आगामी आ.व.को बजेट तुलनात्मक

| सि.न | आ.व | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | ०७९।०८० | रु ५६ करोड ७५ लाख ९२ हजार | |
| २ | ०८०।०८१ | रु ५४ करोड ७४ लाख ३३ हजार | |
| ३ | ०८१।०८२ | रु ५६ करोड ५४ लाख ९० हजार | |
| ४ | ०८२।०८३ | रु ५४ करोड ५८ लाख ९३ हजार | |
| ४ | ०८३।०८४ | रु ५४ करोड १४ लाख २९ हजार | |

## अनुसूची-३

## गत ४ आ.व.को खर्चको प्रतिशत तुलनात्मक विवरणमा

| खर्च केन्द्र | आ. व. ०७९।०८० | आ. व. ०८०।०८१ | आ. व. ०८१।०८२ | आ. व. ०८२।०८३ हाल सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| गाउँ कार्यपालिकाको कार्यालय | ८०.७३ | ८०.८३ | ७०.८० | ६५.११ | |
| वडा नं १ | ८२.६० | ८३.३१ | ४७.९४ | ५२.३१ | |
| वडा नं २ | ९६.७९ | ९३.४२ | ५२.४२ | ५३.६८ | |
| वडा नं ३ | ९९.८८ | ९४.४४ | ७०.२६ | ६३.६९ | |
| वडा नं ४ | ९९.१८ | ९४.७२ | ९६.०६ | ९०.८० | |
| वडा नं ५ | ९५.६७ | ९४.३३ | ६६.०९ | ५४.७६ | |
| वडा नं ६ | ९७.९७ | ९७.६६ | ९४.१३ | ७६.३० | |
| वडा नं ७ | ९८.८० | ९५.६५ | ८०.९५ | ६३.५९ | |
| वडा नं ८ | ९८.८६ | ८९.४२ | ७२.५७ | ६३.५९ | |
| कुल जम्मा | ८१.८४ | ८१.८१ | ७१ | ७२.८४ | |

## अनुसूची ७

(दिग्दर्शनको दफा ५.५.३ संग सम्वन्धित)

# रिब्दीकोट गाऊँपालिकाको विनियोजन विधयेक २०८३

रिब्दीकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०८३

सभाबाट स्वीकृत मिति: २०८३।०३।.........

प्रस्तावनाः

रिब्दीकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम  रिब्दीकोट गाउँ सभाले यो विधयेक बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " रिब्दीकोट गाउँपालिकाको विनियोजन विधयेक, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५४ करोड १४ लाख २९ हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त रिब्दीकोट गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

# अनुसूची–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ कार्यपालिका/ विषयगत शाखा | रु ३७६७००००००/- | रु १२२६०००००/- | 0 | रु ४९९३००००००/- |
| २ | | वडा समिति | रु १४००००००/- | रु ३२५००००००/- | 0 | रु ४६५००००००/- |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | 0 | 0 | 0 | 0 |
| ४ | | लगानी शेयर)÷ऋण( | 0 | 0 | 0 | 0 |
| | | कुल जम्मा | रु ३९०७००००००/- | रु १५५१०००००/- | | रु ५४१४२९०००/- |